# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति, २०७७

## १. पृष्ठभूमि

समाजमा विद्यमान लैङ्गिक, जातीय असमानता, विभेदयुक्त व्यवहार र मान्यता, महिला हिंसा, महिला शोषण तथा उत्पीडन, गरिवी, आदि जस्ता विसंगतिहरुलाई निरुत्साहित गर्न नेपाल सरकारद्धारा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा लैगिक समानता र सामाजिक समावेशीकरणको पक्षमा अभिव्यक्त विभिन्न प्रतिवद्धताहरुलाई कार्यान्वयन गर्ने प्रयासलाई निरन्तरता दिदै सरकार, गैर सरकारी क्षेत्र, निजी क्षेत्र तथा नागरिक समाज र दातृ निकाय समेतको सहयोग परिचालन गरी संघ, प्रदेश तथा स्थानिय तहमा उल्लेख्य कार्यहरु भएका छन् ।

नेपालको संविधान २०७२ मा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व (भाग ४) मा सामाजिक र सांस्कृतिक रुपान्तरण सम्बन्धी नीति र सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति लगायतका नीतिहरुको व्यवस्था अवलम्वन गरिएको छ जुन ब्यवस्था अनुसार राज्य संरचनाका सबै अङ्गहरूमा मधेशी, दलित, आदिवासी जनजाति, महिला, मजदूर, किसान अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई समानुपातिक समावेशीका आधारमा सहभागी गराउने व्यवस्था गरिएको छ । नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेट वक्तव्य समेतमा लङ्गिकै समानता तथा सामाजिक समावेशीकरणका मुद्दाहरूलाई प्राथमिकताका साथ सम्बोधन गर्ने गरिएको छ ।

लैससासको सवालमा क्रमिकरूपमा नीतिगत परिवर्तन र उल्लेख्य सुधारहरू भएका छन् । तथापि विभिन्न सामाजिक समूहका मानिसको विकास सूचकहरूमा र राजनीतिक तथा प्रशासनिक शक्तिको पहुँचमा व्यापक अन्तर रहेको पाइन्छ । महिला, दलित, जनजाति, मधेशी तथा मुस्लिम समुदाय आर्थिक अवस्था, स्वास्थ्य, शिक्षा, रोजगारीका सूचकहरू र राजनीतिक सहभागितामा पछाडि परेका छन् । जातजाति, जनजाति तथा भौगोलिक स्थानहरू सबैमा नेपालको मानव विकास सूचकाङ्कको आधारबाट महिला तथा बालिकाहरूको अवस्था पुरुष तथा बालकहरूको तुलनामा न्यून रहेको छ । महिला, बालबालिका, पछाडि परेको वर्गहरुको विकासमा नेपाल सरकार, दातृ निकाय र समाजका विभिन्न निकायले उल्लख्ये कार्यहरु गरेता पनि यी वर्गहरुको जीवनमा सारभूत परिवर्तन आउन अझ धेरै बाँकी छ । नेपाल सरकार मानवअधिकारसँग सम्वन्धित प्रमुख नौ वटा महासन्धीमध्येका सातवटामा आफ्नो प्रतिवद्धता नागरिक तथा राजनीतिक अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय महासन्धी १९६६, आर्थिक, सामाजिक र साँस्कतृि क अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय महासन्धी १९६६, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन सम्वन्धी महासन्धी १९७९, सबै प्रकारका जातिय भेदभाव उन्मुलन गर्ने सम्वन्धी महासन्धी १९६५, यातना तथा अन्य क्रुर, अमानविय र अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि १९८९, बाल अधिकार महासन्धि १९८९, अपाङ्गता सन्वन्धि अन्तर्राष्ट्रिय महासन्धी तथा अन्तरराष्ट्रिय महिला सम्मेलनमा सहभागिता जनाई सो मा उल्लेखित प्रतिबद्धता कार्यन्वयनमा प्रतिबद्ध रहेको छ । नेपालको संविधान २०७२ को प्रस्तावना सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्ने प्रतिवद्धता तथा  वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक,

लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गर्ने प्रतिवद्धता सहित आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प संविधानको प्रस्तावनामा गरिएको छ ।

नेपालको संविधान २०७२ मा मौलिक हक (भाग ३) मा सम्मानपूर्वक बाँच्न पाउने हक, स्वतन्त्रताको हक, समानताको हक, छुवाछुत तथा भेदभाव विरुद्धको हक, धार्मिक स्वतन्त्रताको हक, शोषण विरुद्धको हक, महिलाको हक, वालवालिकाको हक, दलितको हक, ज्येष्ठ नागरिकको हक, सामाजिक न्यायको हक, सामाजिक सुरक्षाको हक र भाषा तथा संस्कृतिको हक लगायतका हकहरुको सुनिश्चित गरिएको र राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व (भाग ४) मा सामाजिक र सांस्कृतिक रुपान्तरण सम्बन्धी नीति र सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति लगायतको व्यवस्था अवलम्वन गरिएको छ ।

## २. पालिकामा लैङ्गिक तथा सामाजिक समावेशिकरणको वर्तमान स्थिति

नेपालको सुदुरपश्चिमाञ्चल विकास क्षेत्रको महाकाली अञ्चल कञ्चनपरु जिल्लामा पर्ने यो नगर पालिका नेपाल सरकारको मिति २०७१।०८।१६ गतेको निर्णयानुशार देशभरी गठन भएका ६१ नगरपालिकाहरु मध्ये एक नगरपालिका हो । यस क्षेत्रमा नगरपालिका हुन पुर्व झलारी, पिपलाडी र देखतभुलीका वडा न ६,४ गरी तिन वटा गा.वि.स थिए र ती तिन वटा गा.वि.सका वडाहरु समायोजन भै शुक्लाफाँटा नगरपालिका बनाईएको हो । नेपाल सरकारको मन्त्रीपरिसदको मिति २०७३/११/०९ निर्णयबाट स्थानीय तहको शासन सञ्चालन सम्बन्धमा जारी गरेको आदेश २०७३ अनुसार यो शुक्लाफाँटा नगरपालिका जम्मा १२ वटा वडा मिलेर बनेको छ । जिल्लाको सदरमुकाम भीमदत्तनगर देखि २० कि.मि टाढा पश्चिम तर्फ रहेको यस नगरपालिकाले आफ्नै खालको धार्मिक, राजनैतिक र सामाजिक महत्व र विशेषता बोकेको छ । यस नगरपलिकाक्षेत्रमा सबै जात जाती धर्म क्षेत्रका मानिसहरुको मिश्रित बसोवास रहेको छ ।

शुक्लाफाटाँ नगरपालिकाको प्रोफाईल २०७४ अनुसार नगरपालिकामा कुल जनसंख्या ५७९३५ रहेको छ । जसमा २९९१८ पुरुष र २८०१७ महिला रहेका छन् । यस नगरपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ । घरघुरी तथा जनसंख्याको आधारमा मधेसी जनजाति आदिबासीहरु २१०८ घरधुरीमा १२७०२ जना पहाडी ब्राम्हण/क्षेत्री २१०८ घरधुरीमा ३६०९३ जना र पहाडी दलित १२७५ घरधुरीमा ८९०० जना पहाडि जनजातीहरु २४ घरधुरीमा २१० जना लगाएत मधेसी ब्राहमण तथा अन्य गरी जम्मा ८५४० घरधुरी रहेकाछन । शहरी र ग्रामिण क्षेत्रको रुपमा रहेको नगरमा ब्यापार, उद्योग, कलकारखाना, प्राकृतिक श्रात तथा सामाजिक महत्वका क्षेत्रहरु े रहेका छन् । औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अर्को मुख्य श्रोतको रुपमा वैदेशिक रोजगारीपनि एक हो ।

यस नगरपालिकामा पुरुष घरमुली संख्या १००६१ र महिला घरमुली संख्या ९९८ हरेको छ ।

भाषागत रुपमा हेर्दा नेपाली भासा बोल्नेको दंख्या १९६६, डोटेली भाषा बोल्नेको संख्या ४२२९७, थारु भाषा बोल्नेको संख्या १३१४५ रहेको छ । नगरपालिकामा रहेको जनसंख्या मध्ये ५ वर्ष माथिका ४२९५७ जना साक्षर रहेको देखिन्छ । यस मध्ये २३३७१ जना पुरुष र १९५६७ जना महिलाहरू साक्षर रहेका छन् ।

अवस्थागत रुपमा रुपमा हेर्दा ३४८ पुरुष तथा २७८ महिला गरी ६२६ जना अपाङ्गता भएका ब्यक्तिहरु, १२७२ जना एकल महिला जना रहेका छन ।

लैससास सम्वन्धी अन्तरराष्ट्रिय तथा राष्ट्रिय तहमा रहेका नीतिगत व्यवस्थाहरुको प्रभावकारी रुपमा कार्यान्वयन गर्न यस नगरपाालिकामा लैससासलाई नीतिगत रुपमा प्राथमिकतामा राखिएको छ । नगरपालिकामा अपाङ्गता परिचय पत्र बितरण सम्वन्धी कार्यविधीका, जेष्ठ नागे रिक परिचय पत्र बितरण कार्यबिधी, बाल अधिकार संरक्षण कार्यबिधी, लैगिंक हिंसा निवारण कोष सञ्चालन कार्यबिधी व्यवस्था छ। नगर पालिका स्तरमा बाल संजाल, महिला सञ्जाल तथा समुह, जेष्ठ नागरिक समिती, समावेशी कृषक संजालहरु रहेको छन् । वार्षिक नीति तथा कार्यक्रमहरुमा लक्षित वर्गको लागि छुट्टै बजेट तथा कार्यक्रमको व्यवस्था गरीएको छ। लैससाससँग सम्वन्धित सवालहरुलाई हेर्ने गरी नगरपालिकामा महिला तथा बालवालिका शाखा रहेको छ। हिंसाजन्य घटना पिडितको लागि नगरपालिकाद्धारा पालिकास्तरमा सुरक्षित आवास (सेफ हाउस)मा सिफारिस गरी सहयोगको व्यवस्था भइरहेको छ। महिला तथा सामाजिक वा आर्थिक रुपमा वहिष्करणमा रहेका नागरिकहरुका लागि सशक्तिकरण कार्यक्रमहरु संचालन गरिएका छन्। वेचविखनको जोखिममा रहेका महिला तथा वालवालिकाहरुको सुरक्षाका लागि कार्यक्रमहरु संचालन गरिएका छन् । यसका साथै पालिमा न्यायिक समिति तथा महिला तथा बालबालिका शाखा स्थापना भई कार्यान्वयनमा रहेको छ ।

## ३) नीतिको आवश्यकता

राज्यले राष्ट्रिय,अन्तराष्ट्रिय जगतमा गरेका प्रतिबद्धता तथा सो को कार्यन्वनका लागि राष्ट्रिय स्तरमा तय गरिएका कानुनको कार्यन्वयन गर्दै नगरपालिकाका बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधता युक्त विशेषतालाई आत्म साथ गर्दै वर्गीय जातीय, लैङ्गिक विभेद र सबै प्रकारका जातिय छुवाछुतको अन्त्य गरी न्यायपूर्ण समाज स्थापना गर्ने, लैङ्गिक समानता, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक नगरपालिकाको निर्माण गर्न तथा स्थानिय सरकार संञ्चालन ऐन २०७४ ले स्थानीय तहको न्यायिक समितिले लैङ्गिक हिंसा तथा बालबालिका सम्बन्धी स्थानिय स्तरमा न्यायमा पहुँच पुर्याउने बाल बिवाह, महिला विरुद्धका हिंसा, देवकी, बेक्सा बोक्सी, छुवाछुत, दहेज तथा दाइजो कमैया, प्रथा, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, लैङ्गिक भेदभाव, मानव बेचबिखन, निरक्षरता जस्ता सामाजिक कुरिती र अन्धविश्वासको अन्त्य गर्ने गराउने जिम्मेवारी पनि स्थानिय सरकारलाई सुम्पेको छ । नेपाल सरकारले तय गरेको १५औ योजनाको दिर्धकालिन राष्ट्रिय रणनीतिको बुदा नं ६ मा गरिवी निवारण तथा सामाजिक समानता सहितको न्याय पुर्ण समाजको परिकल्पना समेत गरेको छ । यस तथ्यहरुलाई मध्यनजर गरी समुदायमा पछाडी पारिएका आदिवासी, दलित, जनजाती, सिमान्तकृत बर्ग,

महिला, बालबालिका, लगायत अन्य वर्गहरुलाई विकासको मूल प्रवाहमा ल्याई समावेशी विकासको सवालमा पालिकालाई नीतिगत मार्गदर्शन गर्न यस पालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति आवस्यक भएकोले यो नीति तयार गरेको छ ।

## ४. नीतिको औचित्य

४.१. लैङ्गिक तथा सामाजिक विभेद दण्डनीय अपराध भएतापनि यो प्रचलनलाई अझै अन्त्य गर्न सकिएको छैन । नेपालको संविधानमा लैङ्गिक तथा सामाजिक विभेद, गैरकानूनी ओसारपसार र अपहरण वा बन्धक राख्न नपाईने धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोबैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण नगरिने, त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुने र पीडितले कानून बमोजिम क्षतिपूर्ति पाउने हकको सुनिश्चितता समेत गरेको छ । मुलुकी देवानी संहिता, २०७४ तथा मुलुकी अपराध संहिता, २०७४ ले पनि लैङ्गिक तथा सामाजिक विभेदलाई सामाजिक अपराधको रुपमा लिएको छ ।

४.२. नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय र क्षेत्रीय रुपमा गरेका प्रतिवद्धता पुरा गर्नका लागि लैङ्गिक तथा सामाजिक विभेद को अन्त्य गर्नुपर्ने दायित्व रहेको छ।

४.३. लैङ्गिक तथा सामाजिक विभेद सम्बोधन गर्ने विषय बहुपक्षीय भएको हुँदा सरकारी, विकासका साझेदार, गैरसरकारी संस्था तथा नागरिक समाज र स्वयं लैङ्गिक तथा सामाजिक विभेदबाटपिडित तथा प्रभावितहरुको अर्थपूर्ण एवं सक्रिय सहभागिता आवश्यक पर्ने भएको हुँदा सम्बन्धित निकायहरु वीचको सहकार्य र समन्वयबाट एकीकृत रुपमा प्रयास केन्द्रित गर्नुपर्ने आवश्यकता छ।

४.४. लैङ्गिक तथा सामाजिक विभेद अन्त्य गर्ने र लैङ्गिक तथा सामाजिक विभेदको कारणवाट विभिन्न जोखिम र हिंसामा परेका बर्गलाई आफ्नो पूर्ण क्षमताको प्राप्ति र उपयोगका लागि सक्षम बनाई जीवनमा सकारात्मक परिवर्तन ल्याउनका साथै शुक्लाफाँटा नगरपालिकाको विकासमा उनीहरूको समान सहभागितालाई सुनिश्चित गर्नुपर्ने आवश्यकता रहेको छ ।

## ५. नीतिका सिद्धान्तहरु

देहायका सिद्धान्तका आधारमा यो लैङ्गिक तथा सामाजिक विभेद उन्मूलन कार्ययोजनाको निर्माण गरिएको छः

(क) अविभेद **(Non-discrimination)**: यो रणनीति तथा कार्ययोजनाको कार्यान्वयनको सिलसिलामा महिला, पुरुष, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, बालबालिका, ज्येष्ठ नागरिक वा अपाङ्गता भएका व्यक्तिहरु माथि जातजाति, लिङ्ग, वर्ण, आर्थिक, सामाजिक, शारीरिक स्थिति वा भौगोलिक अवस्थितिका आधारमा भेदभाव गरिने छैन ।

(ख) सर्बोत्तम हित **(Best interest)**: यो रणनीति तथा कार्ययोजनाले लैङ्गिक तथा सामाजिक विभेद उन्मूलन गर्ने सवालहरुमा पिडित तथा प्रभावितहरुको सर्वोत्तम हित र भलाईलाई सर्वोपरी राखिनेछ।

(ग) सारभूत समानता **(Substantive equality)**ः यो रणनीति तथा कार्ययोजनाले लैङ्गिकताका सवालमा सारभूत समानतालाई आत्मसात गर्नेछ ।

(घ) शून्य सहनशीलता **(Zero tolerance)**ः यो रणनीति तथा कार्ययोजनाको कार्यान्वयनको सिलसिलामा लैङ्गिक तथा सामाजिक विभेद घटनाहरुमा शून्य सहनशीलता राखी अविलम्व उपयुक्त ढंगले सम्बोधन गरिने छ ।

(ङ) गोपनीयताको अधिकार **(Rights to Privacy)**ः यो रणनीति तथा कायर्यो जनाकाले लैङ्गिक तथा सामाजिक विभेदबाट प्रभावितहरुको गोपनीयताको अधिकारलाई पूर्ण ध्यान दिने छ ।

(च) अर्थपूर्ण सहभागिता **(Meaningful participation)**ः यो रणनीति तथा कार्ययोजनाको सफल तथा प्रभावकारी कार्यान्वयनका लागि जसको सरोकार उसको आवाज भन्ने सिद्धान्तलाई आत्मसात गर्दै सबै सरोकारवालाहरुको अर्थपूर्ण सहभागितालाई महत्व दिइने छ ।

(छ) पीडित प्रभावितको संरक्षण **(Protection of the victims/survivors)**ः यो रणनीति तथा कार्ययोजनाले लैङ्गिक तथा सामाजिक विभेदबाट प्रभावितहरुको संरक्षण र सुरक्षाको प्रत्याभूति दिलाउन पर्ने र आत्मसम्मानपूर्ण व्यवहार गर्नुपर्ने विषयलाई उच्च प्राथमिकतामा राख्रेछ ।

(ज) न्यायमा पहुँच तथा द्रूत न्याय (**Fast track court**)ः यो रणनीति तथा कार्ययोजनाले लैङ्गिक तथा सामाजिक विभेदबाट प्रभावितहरुका लागि द्रूत न्यायको सिद्धान्तलाई अंगीकार गर्नेछ ।

(झ) साझेदारिता र सहकार्य **(Partnership and collaboration):** यो रणनीति तथा कार्ययाजेनाको सफल र प्रभावकारी कार्यान्वयनमा सबै सरोकारवालाहरुको समन्वय, साझेदारिता र सहकार्यलाई महत्व दिनेछ ।

**६) दिर्धकालिन सोचः** भेदभावमुक्त, समतामूलक, समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने ।

**७) लक्ष्य**ः लैंङ्गिक, जातिय, वर्गिय सशक्तिकरण र मुलप्रवाहिकरण गर्दै सबै खालका विभेद र हिंसाको अन्त्य गर्ने ।

## ८) उद्देश्य

८.१ सरोकारवाला बर्गलाइ लैंङ्गिक, जातिय, वर्गिय सशक्तिकरण र मुलप्रवाहिकरण गर्दै सब किसिममा विभेद, शारीरिक र मानसिक हिंसा, क्षति वा दुव्र्यवहार, बेचविखन, परित्याग, उपेक्षा, शोषण वा यौन दुव्र्यवहारबाट संरक्षण गर्ने ।

८.२. सबै किसिमका विभेद, हिंसा, बञ्चितीकरण, अपहेलना, बाल विवाह, बाल श्रम लगायत हानी पु¥याउने सबै अवस्थाको पहिचान र रोकथाम तथा न्यूनीकरणका लागि नीतिगत मार्गनिर्देशन तयार सामाजिक समावेशिकरण गर्ने ।

८.३ प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कार्यरत सरोकारवालाहरुलाई संस्थागत सुदृढीकरणमा सहयोग गर्ने ।

## ९. रणनीति

९.१. लैङ्गिक हिशा तथा सामाजिक भेदभावलाई प्रोत्साहन गर्न े सामाजिक÷सांस्कृतिक एवं परम्परागत हानिकारक अभ्यासको पहिचान गरी तिनका विरूद्ध सचते ना,

९.२. सशक्तीकरण,

९.३.समुदायस्तरमा चेतना अभिवृद्धिमा जोड,

९.४.सहभागिता अभिवृद्धिमा जोड,

९.५. परिवार र समुदायको परिचालन,

९.६. सेवा प्रवाहको प्रभावकारीता,

९.७. कानून र नीतिको सुदृढीकरण र कार्यान्वयन ।

**१०. रणनीति कार्यान्वयन गर्न अपनाईने कार्यदशाः** यस रणनीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न देहाय बमोजिमका कार्यान्वयन कार्यदिशा तय गरिएको छ ।

१०.१. लैङ्गिक तथा सामाजिक बिभेदलाई प्रोत्साहन गर्ने सामाजिक/सांस्कृतिक एवं परम्परागत हानिकारक अभ्यासको पहिचान गरी तिनका विरूद्ध सचेतना

१०.१.१.लैङ्गिक तथा सामाजिक बिभेदको अवस्था कारण र त्यसबाट पारिवारिक तथा स्थानीय सरकारको सामाजिक आर्थिक एवं स्वास्थ्य स्थितिमा पर्ने नकारात्मक असरहरु बारे अध्ययन विश्लेषण गर्ने ।

१०.१.२. लैङ्गिक तथा सामाजिक विभेद न्यूनीकरणको अवस्था बारे प्रत्येक तीन वर्षमा वडास्तमा अध्ययन अनुसन्धान गरी तथ्याङ्क अद्यावधिक राख्ने

१०.१.३. समुह पलाधिकारी, निगरानि समुह, स्वयंसेविका,अभिभावक, धार्मिक अगुवा, नागरिक समाज लगायतलाई लैङ्गिक तथा सामाजिक भेदभाव पार्ने नकारात्मक असर सम्बन्धमा सचेतना अभियान सञ्चालनमा जोड दिने,

१०.१.४.सामाजिक साँस्कृतिक एवं परम्परागत हानीकारक प्रथाका कारण पिडा दिने अभ्यासहरू विरूद्ध जनचेतनामूलक अभियान सञ्चालन गर्ने,

१०.१.५. लैङ्गिक तथा सामाजिक विभेद तथा पितृसत्तात्मक सोचहरूमा परिवर्तन ल्याउनका लागि यस विरूद्धमा सामाजिक सचेतना अभिवृद्धि गर्न सरोकारवालाहरुको सक्रिय सहभागिता सुनिश्चित गर्ने ।

१०.२. सशक्तीकरण

१०.२.१. आय तथा सीप मुलक तालिम बाट स्वरोजगार बनाउने तथा  सचेतना मुलक कार्यक्रम मार्फत स्वनिर्णय गर्ने क्षमता र सीपको विकास गर्ने, भेदभाव र बहिस्करणको अन्त्यका लागि न्यायमा समान पहुँच र आवश्यकता अनुसार संरक्षणात्मक उपायहरुको अवलम्वन गरिनेछ ।

१०.२.२. सञ्चार माध्यम तथा अतिरिक्त क्रियाकलाप मार्फत यौन तथा प्रजनन स्वास्थ्य लगायत लैङ्गिक समानता, लैङ्गिक तथा सामाजिक विभेद र अधिकारबारे सचेत गराइ स्वास्थ्य, शिक्षा, आर्थिक र कानूनी सहयोगमा पहुँच बढाउने,

१०.२.३. सरकारी, गैरसरकारी तथा निजी क्षेत्र बीच समन्वय गरी पिडित तथा उनीहरूको परिवारलाई आत्मनिर्भर बनाउन आवश्यक स्रोत र अवसरहरूको पहिचान गरी उनीहरूको पहुँच सुनिश्चित गर्ने,

१०.२.४. लैङ्गिक तथा सामाजिक विभेद विरूद्ध सामुहिक पहलका लागि समुदायमा निगरानी समहु निर्माण गर्ने वा विद्यमान समूहमा आवद्ध भई अभियान सञ्चालन गर्न सक्षम बनाउने।

१०.२.५. जीवन उपयोगी शिक्षा कार्यक्रम सञ्चालन गर्ने (प्रत्येक विद्यालय तथा समुदायमा)। १०.३. चेतना अभिवृद्धिमा जोड

१०.३.१. पालिका भित्र लैङ्गिक तथा सामाजिक विभेद अन्त्य सम्बन्धी विभिन्न सचेतनामुलक कार्यक्रम आयोजना गर्ने,

१०.३.२. लैङ्गिक तथा सामाजिक विभेद पार्ने नकारात्मक असर सम्वन्धी विभिन्न ब्रोसर, पम्प्लेट IEC Material प्रकाशन गर्ने, विद्यालय शिक्षामा लैङ्गिक संवेदनशील, लैङ्गिक तथा सामाजिक विभेदबारे शिक्षा, पक्षपातरहित, बृहत यौनिकता शिक्षा (Comprehensive Sexuality Education) र अधिकारका विषयहरू समावेश भएको सुनिश्चित गर्ने,

१०.३.३. पालिकामा भएका सञ्चारका विद्युतीय  माध्यमबाट लैङ्गिक तथा सामाजिक विभेद  विरूद्ध सूचना सम्प्रेषण गर्ने,

१०.३.४. पालिकामा सञ्चालन हुने सबै कार्यक्रममा लैङ्गिक तथा सामाजिक विभेद अन्त्य सम्वन्धी विषयलाई समेत समेटेर अघि बढ्ने।

१०.३.५. लैङ्गिक तथा सामाजिक विभेद बारेको कानूनी सचेतना अभिबृद्धि गर्ने, स्थानीय तहको पाठ्यक्रममा लैङ्गिक तथा सामाजिक विभेदबारे शिक्षामा जोड दिने

१०.४.सहभागिता अभिवृद्धि गर्ने

१०.४.१. लैङ्गिक तथा सामाजिक विभेद बिरुद्ध अधिकारका विषयमा सचेतना अभिबृद्धि गरी लैङ्गिक तथा सामाजिक विभेद अन्त्य गर्ने कार्यमा सबै सराकारवालाहरुको सहभागिताको सुनिश्चितता गर्ने,

१०.४.२. सीप, तालिम तथा शिक्षाको माध्यमबाट आर्थिक आयआर्जन तथा रोजगारीतर्फ उन्मुख गराई आत्मनिर्भर बन्न अभिप्रेरित गर्ने,

१०.४.३. लैङ्गिक तथा सामाजिक विभेदमा संलग्नहुने , त्यस्ता कार्य गर्न प्रोत्साहन गर्ने, प्रचलित हानिकारक प्रथा तथा सामाजिक मर्यादा विपरीतको कार्य गर्नेलाई प्रचलित कानूनअनुरुप दण्डसजाय गरी त्यसलाई निरूत्साहन गर्ने तथा सामुदायिक जवाफदेहिताको सुनिश्चितता गर्ने,

१०.४.४. लैङ्गिक तथा सामाजिक विभेद बाट सृजित हिंसा बिरुद्ध कानूनी सचेतना अभिबृद्धि गर्नुका साथै लैङ्गिक तथा सामाजिक विभेद गर्नेलाईं दण्डको व्यवस्था गर्ने।

१०.५. परिवार र समुदाय संग सहकार्य गर्ने

१०.५.१. समदायमा रहेका समूह, क्लव तथा सञ्जाल, आमा समूह, उपभोक्ता समूह, किशोरी समूह, महिला समूह लगायत समाजिक अगुवाहरूको सहभागितामा  लैङ्गिक तथा सामाजिक विभेद बिरूद्धको अभियान सञ्चालन गर्ने,

१०.५.२. लैङ्गिक तथा सामाजिक विभेदहुने समाजमा रहेका हानिकारक सामाजिक मान्यताहरूलाई निरूत्साहन गरी यस विरूद्धका विषयलाई स्थानीय विकास तथा सामाजिक मूल्यको बिषयको रूपमा स्वीकार गरी "लैङ्गिक तथा सामाजिक विभेद मुक्त स्थानीय  तहको अभियान सञ्चालन गर्ने,

१०.५.३. सीप, गुणस्तरीय शिक्षा र रोजगारीका अवसरहरू आदीमा पहुँच वृद्धि गरी लैङ्गिक तथा सामाजिक विभेद पिडत र प्रवावितहरुलाइ सशक्तिकरण गर्नुका साथै लैङ्गिक हिंसा तथा भेदभाव विरूद्धको सामाजिक प्रर्वधन र क्षमतामा अभिवृद्धि गर्ने,

१०.५.४. लैङ्गिक तथा सामाजिक विभेद विरूद्ध समाजमा भएका असल अभ्यासहरूलाई विभिन्न सञ्चार माध्यम र सामाजिक सञ्जाल मार्फत प्रसारण गरी लैङ्गिक तथा सामाजिक विभेद अन्त्यको अभियानलाई सशक्त बनाउने।

१०.५.५. लैङ्गिक तथा सामाजिक विभेद बिरुद्ध सन्देश प्रशारण गर्ने ।

१०.६. सेवा प्रवाहमा प्रभावकारीता ल्याउने

१०.६.१. लैङ्गिक तथा सामाजिक विभेदको जोखिममा रहेका विशेषगरी सीमान्तकृत तथा बिपन्न समुदायका बालिका ब्यक्तिहरुका लागि आय आर्जनका अवसरहरू सुनिश्चित गर्ने,

१०.६.२. लैङ्गिक तथा सामाजिक विभेद बाट पिडत तथा जोखिममा रहको बर्ग तथा ब्यक्तिको पहुँच सुनिश्चित गर्ने,

१०.६.३. लैङ्गिक तथा सामाजिक विभेदको जोखिममा रहेका र जोखिम प्रभावित बर्गको पहिचान गरी शिक्षा, स्वास्थ्य र कानूनी सेवा प्रदानका लागि प्रभावकारी कार्यान्वयन गर्ने

१०.६.४. सेवा प्रदायकहरूको जवाफदेहिता र क्षमता अभिवृद्धि गरी आवश्यकता अनुसार तत्कालै र गुणस्तरीय सेवाप्रवाहका लागि समन्वय र प्रेषण प्रणाली (Referral System) को विकास गर्ने, तथा

सरोकारवाला निकायका कार्यलयमा गुनासो पेटिकाको ब्यवस्था गरी गुनासोहरूको सुनुवाई गर्ने प्रणालीको व्यवस्था गर्ने।

१०.६.५. लैङ्गिक तथा सामाजिक विभेदबाट पिडित तथा प्रभावितहरुको सम्मानजनक जीवनयापनको लागि पारिवारिक तथा सामाजिक वातावरणको सृजना गर्ने र आवश्यकता अनुसार कानूनी सेवा, मनोसामाजिक विमर्श, व्यावसायिक तालिम, आर्थिक सशक्तिकरणका अवसरहरू लगायत आवश्यक सहयोग र संरक्षणको सुनिश्चितता गर्ने ।

१०.६.६. लैङ्गिक तथा सामाजिक विभेदको जोखिममा रहेका बालिकाको पहिचान र अवस्थाको अनुगमन गरी उपयुक्त सेवाका लागि सिफारिस गर्ने,

१०.६.७. पालिकामा कार्यरत सरकारी निकाय तथा गैर सरकारी संस्थाहरूका कार्यक्रमहरूमा लैङ्गिक तथा सामाजिक विभेद विरूद्धका कार्यक्रमहरूलाई प्राथमिकताका साथ समावेश गर्ने व्यवस्थाको सुनिश्चितता गर्ने, तथा नगरपालिकाको वजेट प्रणालीमा लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई अवलम्वन गर्दै लैजाने ।

१०.६.८. लैङ्गिक तथा सामाजिक विभेद सम्बन्धी जानकारी अध्यावधिक राख्न व्यवस्थापन सूचना प्रणालीको स्थापना र सुदृढीकरण गर्ने,

१०.६.९. लैङ्गिक तथा सामाजिक विभेद बाट पडित तथा प्रभावितहरुको आवश्यकतालाई सम्बोधन गर्ने गरी विशेष कार्यक्रमहरू लागु गर्ने र तथ्यगत प्रमाणहरू संकलन गरी सफल अभ्यासहरूको प्रर्वद्धन तथा विस्तार गर्ने,

१०.६.१०. पालिकामा कार्यरत सरकारी निकाय तथा गैर सरकारी संस्थाहरू, निगरानी समुह, तथा सहकारी संग समन्वय गरी हिशा पिडित तथा प्राभावतहरुक लागि सेफ हाउस र परामर्ष केन्द्र स्थापना गरी सञ्चालन गर्ने ।

१०.६.११. घटना ब्यवस्थापन प्रणालीलाई कार्यान्वयन गरी लैङ्गिक तथा सामाजिक विभेदका घटनालाई ब्यवस्थापन गर्ने ।

१०.७. कानून र नीतिको सुदृढीकरण र कार्यान्वयन

१०.७.१. नगरपालिकाको लैङ्गिक तथा सामाजिक विभद विरुद्ध कानून, नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।

१०.७.२. लैङ्गिक तथा सामाजिक विभेद सम्बन्धी कानून कार्यान्वयन गर्ने स्थानीय अधिकारी, न्यायिक र अर्धन्यायिक निकाय लगायत अन्य सरोकारवाला निकायहरूको क्षमता अभिवृद्धि गर्ने ।

१०.७.३. अन्य न्यायिक/अर्धन्यायिक निकाय र सरोकारवाला पदाधिकारीहरूलाई लैङ्गिक तथा सामाजिक विभेद विरुद्धका न्यायिक कारवाहीलाई प्राथमिकतामा राख्न प्रोत्साहन गर्ने ।

१०.७.४. लैङ्गिक तथा सामाजिक विभेद सम्वन्धिका कानून बिरुद्धका कार्य गरेमा हुने सजाय तथा लैङ्गिक तथा सामाजिक विभेद विरुद्ध उपलव्ध हुने कानूनी संरक्षणको व्यवस्था सम्बन्धी जनचेतना जगाउन प्रचार प्रसार गर्ने ।

१०.७.५. लैङ्गिक तथा सामाजिक विभेद विरुद्ध कानूनी उपचार लिन चाहने ब्यक्तिले सामना गर्नु परिरहेको कानूनी तथा सामाजिक कठिनाईहरू पहिचान गरी संरक्षणको उचित व्यवस्था गर्ने ।

१०.७.६. प्रदेश सरकार र स्थानीय तह तथा विकासका साझेदार संस्थाहरुको सहकार्य र समन्वयमा लैङ्गिक तथा सामाजिक विभेद अन्त्यका लागि स्रोतको पहिचान, विनियोजन र प्रभावकारी परिचालन गरि संस्थागत क्षमता अभिबृद्धि गर्ने ।

**११. स्रोत परिचालनः** यस रणनीतिमा समावेश भएका कार्यदिशा कार्यान्वयन गर्न निम्नानुसारको स्रोत परिचालन गर्नेछ ।

११.१. रणनीति कार्यान्वयनका लागि शुक्लाफाँटा नगरपालिको वार्षिक बजेटमा नै आवश्यक बजेट विनियोजन गर्ने ।

११.२. रणनीति कार्यान्वयनका लागि संघ तथा प्रदेश सरकारसंग समेत आवश्यक बजेट विनियोजनका लागि अनुरोध गर्ने।

११.३. रणनीतिको विभिन्न सवाल तथा कार्यक्रममा केन्द्रीत रही आफ्नो कार्यक्षेत्रभित्र पर्ने क्रियाकलापहरू स्वयं सञ्चालन गर्न प्रेरित गर्ने गरी सरकारी कार्यालय एवम् स्थानीय तहलाई आवश्यक प्राविधिक तथा आर्थिक सहयोग प्रदान गर्ने र त्यसका लागि स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी सामाजिक संस्थाहरूलाई सहकार्य गर्न प्रोत्साहन गरिनेछ।

११.४. सरोकारवाला निकायहरूलाई लैङ्गिक हिशा विरूद्ध तथा साामाजिक समावेशि करणका सवालमा जुटन सहकार्यको उपयुक्त वातावरण सृजना गरी आवश्यकता बमोजिम स्रोत सहितको दोहोरो तथा बहुपक्षीय सहमती एवम् सम्झौता गरी कायक्रम गर्न प्रोत्साहन गरिनेछ।

## १२. नीति कार्यान्वयनको पक्ष

यस रणनीति कार्यान्वनका क्रममा आइपर्ने जोखिम व्यवस्थापनको लागि सरोकारवाला सबै पक्षहरुको मानवीय तथा वित्तीय श्राते को पहिचान गरि क्षमता अभिवृद्धि गरिनेछ । यसका लागि शुक्लाफाँटा नगरपालिका र विकासका साझेदार संघसंस्थाहरु तथा अन्य सरोकारवाला संस्थाहरुमार्फत आवश्यक श्रोतको व्यवस्था मिलाई रणनीति कार्यान्वयनमा प्रभावकारीता ल्याइनेछ ।

## १३ सहकार्य तथा समन्वय

१३.१ हिशाबाट प्रभावित तथा बाल विवाहको जोखिममा पर्न सक्ने बर्ग विशेषगरी महिला, बालबालिका, आर्थिक तथा सामाजिक रुपले पछाडी पारिएका समुदाय, अपाँगता भएका व्यक्तिहरु, विस्थापित, जनजाति,

दलितका साथै लैङ्गिक अन्पसंख्यक र सिमान्तकृत समुदायहरु तथा स्थानिय स्तरमा रहेका विभिन्न समुदायसँग समन्वय गर्ने ।

१३.२ यस नगरपालिका भित्र आर्थिक अवस्था कमजोर भएका समुदायहरु विशेष गरी महिला, जनजाती अपाङ्गता भइका ब्यक्ति, एकल महिला, श्रममा रहेका बालबालिकाहरुको आर्थिक अवस्थाको सुधारको सम्भावित अवसर तथा पहुँच वृद्धि गर्नको लागि स्थानिय तथा राष्ट्रिय स्तरमा कार्यरत विभिन्न सरकारी तथा गैर सरकारी संघसंस्थाहरुसँग सहकार्य तथा समन्वय गर्ने ।

## १४. उजुरी तथा गुनासो सम्वन्धी ब्यवस्था

कुनै संस्था, व्यक्ति वा निकायले यस लैससास नीति विपरितको कार्य गरेमा, पिडितका तर्फबाट पिडित स्वयं वा निजको तर्फबाट जुन सुकै ब्यक्ति वा निकायले न्ययिक समितिमा उजुरी गर्न सक्नेछ । यसरी परेको उजुरी माथी समितिले छानविन गरी आवस्यक कार्वाही अघाडी बढाउने छ

## १५. अनुगमन र मूल्याङ्कन

नगरपालिकाले लैससास नीति कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कनका लागि नगरपालिकाको उपप्रमुखको संयोजकत्वमा,सामाजिक कार्यकर्ता, गरै सरकारी संस्थाको प्रतिनिधि, कानूनविद्, मनोसामाजिक विशेषज्ञ सहित पालिकाल तोकेको ब्यक्ति सदस्य सचिव रहने गरी बाल अधिकार तथा बाल संरक्षणको अवस्था अनुगमन तथा मूल्याङ्कन समिति गठन गरिनेछ । उक्त समितिले आफ्नो कार्यबिधि आफै तय गर्नेछ । अनुगमन तथा मूल्याङ्कनमा समितिको प्राप्त सुझाव सल्लाहका आधारमा नीतिमा समय सान्दर्भिक परिमार्जन तथा संशोधन गरिनेछ ।

## १६. सजायः

कुनै, व्यक्ति, निकाय, समुह, सस्थांले यस नीति विपरितको कार्य गरेमा, बाल अधिकार उल्लङ्घन गरेमा, संरक्षक वा परिवारका कुनै सदस्यले आफ्नो दायित्व पूरा नगरेमा संघीय कानूनमा व्यवस्था भए अनुसार सजाय हुनेछ ।

## १७. नीतिको प्रचार प्रसार र सुधार

यस रणनीतिलाई नगर सभाबाट पारित भए पश्चात व्यापक प्रचारप्रसार गर्नेछ। आवश्यकता अनुसार लैङ्गिक समानता तथा समाजिक समावेशिकरण सम्बन्धी विषयवस्तुमा ध्यान दिनको लागि स्थानीय तहलाई यस रणनीतिको कार्यान्वयनमा जोड दिइनेछ। यसका बारेमा जानकारी गराउनका लागि व्यापक प्रचारप्रसार गरिनेछ । यस रणनीति कार्यान्वयनको प्रभावकारिता, उपयुक्तता र उपयोगिताको स्वतन्त्र रूपमा मूल्याङ्कन गरी २/२ वर्षमा पुनरावलोकन तथा सुधार गरिनेछ ।